## वार्षिक आपुर्ती सम्झौता अन्तर्गत खरिद सम्बन्धी सूचना

यस लघुवित्त वित्तीय संस्था लि.लाई आ.ब.२०८०/८१ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित मालसामन वार्षिक रुपमा आपुर्ती/प्रवाह गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको कारोवार गर्न स्वीकृत प्राप्त गरेका ईच्छुक रजिष्ट्रर्ड फर्म/कम्पनीको सूची दर्ता गर्नुपर्ने भएकाले आफूले आपुर्ती/प्रवाह गर्ने मालसामान एवं सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता/नविकरण आ.व.२०७८।७९ को कर चुक्ता प्रमाण पत्र सहितको आवेदन यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८० श्रावण १८ गते) भित्र यस लघुवित्त वित्तीय संस्था लि.को रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाण्डौमा दर्ता गराउनुहुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ।

### लघुवित्त वित्तीय संस्थालाई आवश्यक पर्ने मालसामान एवं सेवाको विवरण

| |
|---|
| **१ मसलन्द एवं कार्यालय सामाग्री** |
| **२ प्रिन्टिङ तथा छपाई** |
| **३ विविध**<br>**(क)** प्रिन्टर, फोटोकपिमा लाग्ने इन्क, रिबन, टोनर, कार्टेज, तथा यस सँग सम्वन्धित अन्य सामानहरु<br>**(ख)** Laptop/Desktop/Server/Computer/ Printer/Scanner, UPS, Battery,Telephone set, Supply and maintenance<br>(ग) अफिस उपकरण, फोटोकपि, एयरकण्डिसन, मेशिन आदि आपूर्ती तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपूर्ती तथा मर्मत<br>(घ) सवारी साधन मर्मत |

**अन्य जानकारीहरु:**

१) सूचीकृत हुनका लागि दिएका निवेदनहरु मध्येबाट योग्य ठहरिएका बिक्रेता फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। यसरी सूचीकृत गर्दा पेश हुन आएको विवरणलाई आधार मानी गरिनेछ।

२) सूचीकृत हुनका लागि निवेदन दर्ताको समयमा आवश्यक सम्पूर्ण कागतजातको छाँया प्रति पेश गर्नु पर्नेछ

३) सूचीकृत भएका विक्रेता, फर्महरुवाट यस लघुवित्त वित्तीय संस्थाको आवश्यकता अनुसारको मालसामान खरिद तथा सेवा प्राप्त गर्न कोटेशन घटाघट वा बोल कबोलवाट भाग लिन अनुरोध गर्न सकिनेछ।

४) सूचीकृतमा पर्ने फर्महरुलाई सूचीकृत भएको जानकारी इमेल मार्फत गराइनेछ र वार्षिक सम्झौता समेत गर्न सकिनेछ।

५) सूचीकृतमा भएका कम्पनी वा फर्महरुले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीवाट बिना सूचना हटाउन सकिनेछ। यस उपर कुनै दाबी, बिरोध गर्न पाइने छैन। सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस लघुवित्त वित्तीय संस्थामा नै निहित रहने छ।

अन्तमा खरीद समितिका अध्यक्षज्यूबाट समितिका सदस्यलाई धन्यवाद दिई बैठक समापन गरियो।

First Microfinance